# जिल्ला सहकारी संघ मोरङ्गको कार्यक्रममा गभर्नर डा.युवराज खतिवडा

मोरङ्ग जिल्लामा स्थापना भएका करिब ९३० वटा सहकारीहरूको छाता संगठन 'जिल्ला सहकारी संघ' ले भदौ २ गते शनिबार आयोजना गरेको एक कार्यक्रममा गभर्नर डा.युवराज खतिवडाले सहभागिता जनाउनु भयो । कार्यक्रमका प्रमुख अतिथिको आसनबाट डा.खतिवडाले 'अर्थतन्त्रको तीन खम्बा मध्येको एक खम्बा भनेको सहकारी संस्थाहरू हुन । यिनको विकास र प्रवर्द्धन बिना सम्बृद्ध अर्थतन्त्रको परिकल्पना गर्न सकिँदैन । कृत्रिम अर्थतन्त्र र यसले ल्याएको विकृतिलाई सच्याउँदै सहकारीकर्मीहरू अघि बढेमा, तल्लो वर्गसम्मका जनताहरूलाई समावेशीका आधारमा सेवा पुऱ्याएमा एवम् संगठित गर्न सकेमा उनीहरूको आत्मनिर्भरतामा वृद्धि भई जीवनस्तर बढाउन सकिन्छ ।'




(कार्यक्रममा सम्बोधन गर्दै गभर्नर डा. खतिवडा)

'मुख्यगरी सहकारी संस्था कृषि उत्पादन र प्रशोधनमा संलग्न हुनुपर्ने हुन्छ । यसले भण्डारण समेतलाई जनाउँछ । यस कार्यमा संगठित रूपमा अघि बढ्दा व्यावसायीकरणमा वृद्धि हुन गई उत्पादकत्व बढ्न जान्छ । 'एक गाउँ एक उत्पादन'को नारालाई व्यवहारमै उतार्ने हो भने पनि सहकारीको विकासमा महत्वपूर्ण भूमिका खेल्नेछ' कार्यक्रममा डा. खतिवडाले आफ्नो धारणा राख्नु भएको थियो । त्यसैगरी साना किसानहरू संगठित हुने क्रम बढेको सन्दर्भमा संस्थाको कार्यमा समेत

विस्तार हुनेछ । सहकारी संस्थाहरू भनेका स्वनियमनमा चल्ने संस्था हुन, स्वस्थ्य र पारदर्शी हिसाबले कार्य गर्दै सबै सदस्यका हक र अधिकार सुरक्षित गरी सहकारीका सिद्धान्तहरूलाई पूर्ण रूपमा पालना गर्दै आफ्ना गतिविधि सुचारु राख्न कार्यक्रममा उपस्थित सहकर्मीहरूलाई सुझाव समेत दिनु भएको थियो । अन्तमा नेपाल राष्ट्र बैंकबाट सञ्चालित ग्रामीण स्वाबलम्बन कोषमा रहेको कोषलाई वृद्धि गर्ने पहल भइरहेको समेत कार्यक्रममा जानकारी गराउनु भएको थियो ।

सोही कार्यक्रममा नेफ्चुनका केन्द्रीय सदस्य केशव पोखरेलले सहकारीका विद्यमान समस्याहरूको बारेमा गभर्नर डा. खतिवडालाई अवगत गराउँदै सहकारीका लागि व्यवहारिक नीतिको खाँचो रहेको कुरा औंल्याउनु भयो ।

अन्तमा कार्यक्रमका सभापति मोहनलाल सर्दारले मोरङ्ग जिल्लाको आर्थिक विकासमा सहकारी क्षेत्रले पुऱ्याएको योगदानको विषयमा प्रकाश पार्दै कार्यक्रम समापन भएको घोषणा गर्नु भएको थियो ।

मिति २०६९।५।३